बुटवल पावर कम्पनी लिमिटेड

संक्षिप्त वार्षिक प्रतिवेदन

आ.व. २०७४/०७५

बुटवल पावर कम्पनी लिमिटेडको २६ औं वार्षिक साधारण सभाको सूचना

मिति २०७५/०८/२१ (तद्नुसार ०७ डिसेम्बर, २०१८) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २६ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, स्थान र समय :

मिति : **२०७५ पौष २७ गते शुक्रवार (तद्नुसार जनवरी ११, २०१९) ।**

स्थान : **कार्की ब्याङक्वेट, ववरमहल काठमाण्डौं ।**

समय : **बिहान १०:०० बजे ।**

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावः

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०७४/७५ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७५/०७६ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरुलाई आ.ब. ०७४/०७५ को मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूंजीको १८ % (अठार प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

५. दुई जना स्वतन्त्र संचालकहरु नियुक्त गर्ने ।

६. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरुः

१. बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रवन्धपत्रको दफा ५(ख) संशोधन गर्ने । (नोटः कम्पनीको चुक्ता पूँजी बृद्धि गरी रू. २,४४०,५३९,२०० पुऱ्याउने र बोनस शेयर वितरणका क्रममा राउण्ड अफ गर्दा हेरफेर हुन सक्ने ।)

२. आ.ब. ०७४/७५ को मुनाफा तथा संचित मूनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूंजीको १० % (दश प्रतिशत) बोनस शेयर जारी गर्ने र सो गर्दा बोनस शेयरको संख्यामा आउने दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशसंग समायोजन गरी वितरण गर्ने ।

३ कम्पनीको नियमावलीको नियम १७ (क)(ग) संशोधन गर्ने । (नोटः स्वतन्त्र संचालकको योग्यता सम्बन्धी व्यवस्था कम्पनी ऐन अनुरूप बनाउने तथा तथा पूनःनियुक्तिको व्यवस्था गर्ने ।)

(ग) विविध ।

प्रोक्सी-फारम

श्री संचालक समिति

बुटवल पावर कम्पनी लि.

वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.....जिल्ला.....म.न.पा/न.पा./गा.वि.स. वडा नं. .....,

..... वस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७५ पौष २७ गते शुक्रबारका दिन हुने २६ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.....जिल्ला .....म.न.पा/न.पा./ गा.वि.स./ वडा नं....., ...वस्ने श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः .....

दस्तखतः .....

ठेगानाः .....पो.व.नं.....

फोन नं.....

शेयरधनी नं.: (BOID No): .....

शेयर प्र.प.नं.: .....

डिम्याट नं:.....

शेयर संख्याः .....

मितिः .....

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७५।९।६ देखी मिति २०७५।९।२७ सम्म बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न सकिने छ ।

३. सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, बानेश्वरमा रहनेछ । निर्वाचन अधिकृतले मिति २०७५।९।१६ गते निर्वाचनको कार्यक्रम कम्पनीको सूचनापाटीमा प्रकाशित गर्नु हुनेछ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधि (प्रोक्सी) फाराम भरी पठाउनु पर्ने छ । कुनै व्यक्तिले एक भन्दा बढी शेयरधनीहरूको तर्फवाट प्रतिनिधि (प्रोक्सी) प्राप्त गरेको भए निजले प्रोक्सी दर्ता गर्न ल्याउँदा प्रोक्सी दिने शेयरधनीको नाम, निजको शेयरधनी नं. वा विओआईडी नं., शेयर संख्यासमेत खुलेको सूची बनाई सूचीमा उल्लेख भए वमोजिमको प्रोक्सी फारम क्रमशः संलग्न गरी निर्वाचन कार्यक्रममा उल्लेख भए वमोजिम निर्वाचन अधिकृतको कार्यालयमा सभा शुरू हुनु भन्दा कम्तिमा ९६ घण्टा अगाडि अर्थात २०७५।९।२३ गते विहान १०:०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ । एक जना व्यक्तिले आफूले प्राप्त गरेको प्रोक्सी एकै पटक दर्ता गर्नु पर्नेछ ।

५. शेयरधनीको नाम थर र शेयरधनी नं. वा विओआईडी नं फरक परेमा, शेयरधनीको नाममा कायम रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या प्रोक्सी फारममा उल्लेख भएमा, प्रोक्सी दिने शेयरधनीको हस्ताक्षर कम्पनीमा रहेको निजको हस्ताक्षरसंग मेल नखाएमा वा फरक परेमा, प्रोक्सी दिने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा, मतदानको प्रक्रिया प्रारम्भ हुनु अगावै प्रोक्सी दिने शेयरधनीको मृत्यु भएको जानकारी प्राप्त भएमा, संगठित संस्थाले दिएको प्रतिनिधि नियुक्ति पत्र रितपूर्वकको नभएमा त्यस्तो प्रोक्सी वा प्रतिनिधिपत्र बदर हुनेछ । तर कम शेयर संख्या उल्लेख भएकोमा सोही शेयर संख्या कायम हुनेछ ।

६. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

७. कानूनी व्यक्ति तथा संगठित संस्थाले शेयरधनीको हैसियतले प्रतिनिधी नियुक्त गर्दा वा प्रोक्सी दिंदा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यसरी दिने वा तोक्ने व्यक्तिलाई संचालक समितिवाट अख्तियारी प्राप्त भएको देखिने कागजात तथा प्रतिनिधी वा प्रोक्सी प्राप्त गर्नेको परिचयपत्र (नागरिकताको प्रमाणपत्र वा कार्यालयको परिचयपत्र वा चालक अनुमतिपत्र आदि) प्रतिनिधी नियुक्ति पत्र वा प्रोक्सी साथ संलग्न हुनु पर्नेछ, नभएका त्यस्तो प्रतिनिधीपत्र वा प्रोक्सी रद्द हुनेछ ।

८. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि ११:०० वजेसम्म खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

१०. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

११. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि., नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव

बुटवल पावर कम्पनी लिमिटेड

प्रवन्धपत्रको दफा ५(ख) मा संशोधनको तीन महले विशेष प्रस्ताव

हालको व्यवस्था	संशोधित व्यवस्था	संशोधनको कारण
५. कम्पनीको शेयर पूँजीः (ख) कम्पनीको जारी पूँजी रू. २,२२,०२,२५,००० (दुई अरव बाईस करोड दुई लाख पच्चिस हजाररूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,२२,०२,२५० कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।	५. कम्पनीको शेयर पूँजीः (ख) कम्पनीको जारी पूँजी रू. २,४४,०५,३९,२०० (दुई अरव चौवालिस करोड पाँच लाख उनान्चालीस हजार दुई सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २४४०५३९२ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।	बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको ।

नियमावलीमा संशोधनको तीन महले विशेष प्रस्ताव

हालको व्यवस्था	संशोधित व्यवस्था	संशोधनको कारण
१७. स्वतन्त्र संचालकको योग्यता, नियुक्ति, नियुक्ति प्रक्रिया, कार्यकाल र सुविधा (क) कम्पनी ऐन उल्लेखित योग्यताको अतिरिक्त इन्जिनियरिङ, व्यवस्थापन, लेखा, कानून, वातावरण मध्ये कुनै एक विषयमा स्नातकोपाधी प्राप्त गरी जलविद्युत क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव भएको व्यक्ति स्वतन्त्र संचालकको लागि योग्य हुनेछ । (ग) स्वतन्त्र संचालकको कार्यकाल अन्य संचालक सरह हुनेछ । एक पटक नियुक्त भएको स्वतन्त्र संचालक लगातार दोश्रो कार्यकालको लागि पुनः नियक्त हुन सक्ने छैन ।	१७. स्वतन्त्र संचालकको योग्यता, नियुक्ति, नियुक्ति प्रक्रिया, कार्यकाल र सुविधा (क) कम्पनी ऐनमा उल्लेखित योग्यता पुगेको व्यक्ति स्वतन्त्र संचालकको लागि योग्य हुनेछ । (ग) स्वतन्त्र संचालकको कार्यकाल अन्य संचालक सरह हुनेछ । एक पटक नियुक्त भएको स्वतन्त्र संचालक पुनः नियक्त हुन सक्नेछ ।	स्वतन्त्र संचालकको योग्यता सम्बन्धमा सरलीकृत व्यवस्था गरी विज्ञ तथा दक्ष व्यक्ति नियुक्तिका लागि तथा स्वतन्त्र संचालकको पूनर्निनियुक्तीको व्यवस्था गर्नका लागि संशोधन गर्न बान्छनीय भएको ।

संचालक समितिको प्रतिवेदन

शेयरधनीज्यूहरु,

यस कम्पनीको २६औं बार्षिक साधारण सभामा आ.व. २०७४।०७५ का लागि संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ ।

शुरूमा कम्पनीको आ.व. २०७४।०७५ मा समग्र कार्यसम्पादन राम्रो रहेको जानकारी गराउन पाउँदा हामीलाई खुसी लागेको छ । कम्पनीले गत वर्षको तुलनामा यस वर्ष कर पछिको खुद मूनाफा ५.१३% ले बढाउन सफल भएको छ । धितोपत्र वजारमा विभिन्न प्रतिकुलताहरूका वावजुद कम्पनीले सफलतापूर्वक थप सार्वजनिक निष्काशन (नयाँ निष्काशन) सम्पन्न गरेको छ । थप सार्वजनिक निष्काशन पश्चात् कम्पनीको खुद सम्पत्ति ४८.२%ले बढेको छ । यद्यपी केही समूह कम्पनीहरूको करको दायित्व तथा प्रशासनिक खर्चहरू बढ्न गएको कारण समूहगत एकिकृत नाफा ६% ले घट्न गएको छ । संचालनमा रहेका विद्युत गृहहरू तथा वितरण व्यवसाय सन्तोषजनकरूपमा संचालनमा रहे । कम्पनीले विभिन्न आयोजनाहरू शुरू गरेको छ र ति आयोजनाहरू विकासको विभिन्न चरणमा रहेका छन् । निर्माणाधिन दुई आयोजनाहरू मध्ये ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको प्रगति सन्तोषजनक छ र ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजनाको प्रगति अपेक्षा गरे अनुरूप हुन सकेको छैन । नेपालमा जलविद्युत आयोजनाहरू विकासका लागि कम्पनीले तीन चिनिया कम्पनीहरूसंग संयुक्त लगानी सहकार्य स्थापित गरेको छ । त्यसको परिणमस्वरूप, मर्स्याङदी नदीमा क्यासकेड ढाँचामा आयोजनाहरू निर्माण गर्नका लागि तीन वटा आयोजनाहरू प्राप्त गर्ने, सुदृढीकरण गर्ने तथा विकास गर्ने प्रक्रिया शुरू भएको छ । ती आयोजनाहरूमा २८२ मेगावाटको मनाङ मर्स्याङदी जलविद्युत आयोजान, १४० मेगावाटको तल्लो मर्स्याङदी जलविद्युत आयोजना र ६०० मेगावाटको मर्स्याङदी दोश्रो जलविद्युत आयोजना रहेका छन् । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयवाट तल्लो मर्स्याङदी जलविद्युत आयोजना तथा मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । आन्तरिक उर्जा वजारमा विद्युत आपूर्ति गर्न उल्लेखित तीनवटै आयोजनाहरूलाई सुदृढीकरण (Optimized) गरी विकास गरिनेछ र ती आयोजनाहरूमा यस कम्पनीको करीव २०% शेयर हुनेछ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयवाट मुगु जिल्ला स्थित १५९ मेगावाटको मुगु कर्णाली जलविद्युत आयोजनाको विद्युत सर्वेक्षण अनुमतिपत्र लिइएको छ र सो आयोजनाको संभाव्यता अध्ययनको कार्य प्रारम्भ भएको छ ।

कार्यसम्पादन समिक्षा

बित्तः

यस कम्पनीले विद्युत बिक्री तथा विद्युतीय सेवाबाट आ.व. २०७४।०७५ मा कुल नाफा रू. २९ करोड २२ लाख आर्जन गरेको छ, जुन अघिल्लो वर्षको कुल नाफा रकमको तुलनामा ३.४% को बृद्धि हुन आउँछ । कर अघिको नाफा ९.३% को बृद्धि सहित रू. ७५ करोड २ लाख रहेको छ । वित्तिय आम्दानी बढेका कारण तुलनात्मकरूपमा यो उल्लेख्य बृद्धि हासिल भएको हो । कर पछिको मुनाफा गत वर्षको मूनाफा रू. ६६ करोड ८० लाखको तुलनामा रू. ७० करोड २३ लाख आर्जन भएको छ, जुन ५.१३% को बृद्धि हुन आउँछ । कम्पनीको वित्तिय अवस्थाको मुख्य मुख्य बुँदाहरू संक्षेप निम्न अनुसार रहेका छन् ।

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. दश लाखमा)

विवरण	आ.व. २०७४/७५	आ.व. २०७३/७४	%परिवर्तन
नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री	४७७.१	४७८.९	-०.४%
उपभोक्तालाई विद्युत बिक्री तथा सेवाहरू	१८९.३	१८४.०	२.९%
उत्पादन खर्च	२६३.३	२८२.९	-७%
वितरण खर्च	११०.८	९७.३	१४%
कूल नाफा	२९२.३	२८२.६	३.४%
अन्य आय (प्राप्त लाभांश समेत)	५५६.९	५८९.८	-५.६%
प्रशासनिक तथा अन्य खर्च	१२६.१	१२१.५	३.८३%
व्याज तथा कर अघिको नाफा	७२३	७५०.९	-३.७२%
कर अघिको नाफा	७५०.२	६८६.१	९.३%
खुद मुनाफा (कर पछि)	७०२.३	६६८.०	५.१३%
अन्य कम्पनीमा लगानी	२,८६६.९	२,४४७.४	१७.१४%
प्रतिशेयर आम्दानी रू.	३६.३३	३७.०२	७.१%
खुद सम्पत्ति (इक्विटी)	६,५१०	४,३९२	४८.२%

यस आ.व.को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. दश लाखमा)

विवरण	आ.व. २०७४/७५	आ.व. २०७३/७४	%परिवर्तन
आम्दानी	१,८०८.६	१,४५२.९	२४.५%
बिक्री लागत	१,३१२	१,०१६.३	२९.१%
कुल नाफा	४९६.६	४३६.६	१३.७%
व्याज तथा कर अघिको नाफा	८२८.६	९०७.१	-८.६%
कर पछिको नाफा	७४५.४	७९०.९	-५.७६%
नियन्त्रक कम्पनीको मालिकको लागि नाफा	७२३.२	७४०.१	-२.२८%
नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा	२२.२	५०.८	-५६.३%
प्रतिशेयर आम्दानी रू.	३७.४१	४१.०१	
खुद सम्पत्ति	७,००९.७	४,८५६.६	४४.३%

आ.व. २०७४।०७५ मा कम्पनीको समुहगत कारोवार रू. १ अरव ८० करोड ८६ लाख भएको छ । यो गत वर्षका कारोवारको तुलनामा २४.५% को बृद्धि हो । समूहमा रहेका कम्पनीहरूको करको दायित्व तथा प्रशासनिक खर्चहरू समेत बढ्न गएको छ । कर पछिको समूहगत खुद मुनाफामा गत वर्षको खुद मुनाफाको तुलनामा करीव ६% ले कमी आई रू. ७४ करोड ५४ लाख खुद मुनाफा आर्जन भएको छ । त्यसैगरी समूहगत प्रति शेयर आम्दानी समेत घट्न गई प्रति शेयर आम्दानी रू. ३७.४१ रहेको छ, जुन अघिल्लो वर्ष रू. ४१.०१ थियो ।

व्यवसाय सञ्चालन

उत्पादन व्यवसाय

कम्पनीको स्वामित्व र संचालनमा १२ मेगावाटको झिमरूक विद्युत गृह र ९.४ मेगावाटको आँधिखोला विद्युत गृह रहेका छन् । दुबै विद्युत गृहहरूले सन्तोषजनकरूपमा संचालनमा रही १३३.८२ गिगावाट आवर विद्युत उत्पादन गरे, जस मध्ये कुल उपलब्ध उर्जाको ७१.२४% नेपाल विद्युत प्राधिकरणलाई तथा २६.४४% कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो ।

आँधिखोला विद्युत गृहले ७८.८७% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६५.१२ गिगावाट आवर उत्पादन गऱ्यो । यस वर्ष नदीमा पानी बहाव घटेको तथा ओवरमेयर गेट एवं मुख्य भाल्भमा समस्याका कारणले गर्दा अघिल्लो वर्षको भन्दा ४.९२% (३.३७ गिगावाट आवर) ले न्यून उत्पादन भएको छ । कुल उपलब्ध उर्जा मध्ये कालीगण्डकी जलविद्युत आयोजनालाई क्षतिपूर्ति वापत निशूल्क उपलब्ध गराइएको ३.१७ गिगावाट आवर समेत गरी ३५.९५ गिगावाट आवर (५३.१२%) नेपाल विद्युत प्राधिकरणलाई र ३०.०५ गिगावाट आवर (४४.४९%) कम्पनीकै वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।

झिमरूक विद्युत गृहले ६४.९१% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६८.६९ गिगावाट आवर उत्पादन गऱ्यो । यो अघिल्लो वर्षको उत्पादनको तुलनामा ०.६८% (१.२६ गिगावाट आवर) ले बढी हो । कुल उपलब्ध विद्युत मध्ये ६२.७८ गिगावाट आवर (८८.३८%) नेपाल विद्युत प्राधिकरणलाई र ६.५८ गिगावाट आवर (९.२७%) कम्पनीकै वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो । वर्षायाममा अत्यधिक वालुवाका कणहरू आउनु झिमरूक विद्युत गृहको टर्वाइन छिटो छिटो खिइने समस्याको र उत्पादनमा कमी आउनुको मुख्य कारण रह्यो । टर्वाइनको सबै हिस्साहरूको संपूर्ण मर्मत संभारको कार्य गरिएको थियो । पुरानो चलाउन नमिल्ने पिएलसी तथा प्रोटेक्सन रीले प्रतिस्थापन गरी नयाँ राखिएको छ । मर्मत संभार तालिका वमोजिम निरोधात्मक मर्मत संभारको कार्य समेत गरिएको थियो । सिंचाईमा बढोत्तरी ल्याउन तथा विद्युत उत्पादनमा वृद्धिका लागि विभिन्न सामाजिक प्रभाव न्यूनिकरण कार्यहरू गरिएको थियो । आयोजनाको क्षेत्र तथा कृषकका जग्गा जमिनको संरक्षणका लागि नदी व्यवस्थापन (रिभर ट्रेनिङ्ग) गरिएको थियो ।

वितरण व्यवसाय

यस वर्ष वितरण व्यवसायवाट कुल ३६.६३९ गिगावाट आवर विद्युत खरिद गरिएको थियो । यो अघिल्लो वर्षको तुलनामा करीव १% ले बढी हो । उपभोक्ताहरूको संख्यामा बृद्धि भएवाट विद्युत खरिद बढ्न गएको हो । यो बृद्धि अघिल्लो वर्ष कायम उपभोक्ताको संख्यामा ५% को बृद्धि हो । यस वर्ष कम्पनीको वितरण संजालमा कुल २,६५५ उपभोक्ताहरू थपिए । आ.व. २०७४।०७५ को अन्त्यमा कुल उपभोक्ताहरूको संख्या ५४,०२१ पुगेको छ । यस वर्ष ३०.६३८ गिगावाट आवर विद्युत उपभोक्ताहरूलाई बिक्री गरिएको थियो र ०.०६३ गिगावाट आवर विद्युत कर्मचारी आवास तथा वितरण कार्यालयहरूमा खपत भएको थियो । कुल बिक्री गत वर्षको भन्दा केही न्यून ०.०४% ले घटेको छ । यो मूलत सालाखाला विद्युत यूनिट उपभोगमा ५% ले कमी आएको कारणले गर्दा भएको हो ।

कम्पनीका सहायक तथा सम्वद्ध कम्पनीहरु:

२०७५ सालको आषाढ मसान्त सम्म कम्पनीको लगानीको हिस्सा निम्न वमोजिम रहेको छः

कम्पनीको नाम / लगानी	शेयर संख्या	%लगानी	लगानी (रु.लागतमा)	लगानी (रु.फेयर भ्यालुमा)
हिमाल पावर लि.	२९,७८,५०२	१६.८८	४३,४९,३१,४६१	१,१३,७७,७२,५७८
नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि.	७,१५,८००	५१.३०	७,१५,८०,०००	-
खुदी हाइड्रोपावर लिमिटेड	५,०४,०००	६०	५,०४,००,०००	-
खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर)	५,७६,०००	-	५,७६,००,०००	-
न्यादी हाइड्रोपावर लिमिटेड	५३,९५,७१०	९७.२२	५३,९५,७१,०००	-
कावेली इनर्जि लि.	२,९६६,८६०	२७.२४	२९,६६,८६,०००	-
हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.	११७,७८५	८०	१,१७,७८,५००	-
बिपिसी सर्भिसेज लि.	१,००,०००	१००	१,००,००,०००	-
हाइड्रो ल्याव प्रा.लि.	१०,०००	१०.७३	१०,००,०००	१,४४,०६,६४८
जुम्दी हाइड्रोपावर कं. लि.	६,३९५	१.०६	६,३९,५००	६,३९,५००
गुराँश इनर्जि लि.	३,३१९,८३६	४०	३३,१९,८३,६००	-
कावेली इनर्जि लि.लाई दिएको परिवर्तन गर्न सकिने कर्जा	-	-	१२,६०,०४४	-
नयाँ आयोजनाहरूमा लगानी	-	-	३५,५८,०१,२७६	-
जम्मा लगानी (लागत मुल्यमा)	**१,६६,९०,८८८**		**२,१६,३२,३१,३८१**	**१,१५,२८,१८,७२६**

सहायक तथा सम्वद्ध कम्पनीहरूको वित्तिय संपादनको मुख्य मुख्य बुँदाहरू निम्न वमोजिम रहेका छन्:

कम्पनीको नाम	खुद मुनाफा (रु. दश लाखमा)	खुद मुनाफामा बृद्धि वा कमी	खुद सम्पत्ति (रु दश लाखमा)	प्रति शेयर आम्दानी रु.	प्रति शेयर कितावी मूल्य रु.
हिमाल पावर लि.	३,००६.७७	-५%	६७३८.९४	१७०.४४	३८१.९९
नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.	४७.४१	-५१.८%	४१०.४५	३३.९८	२९४.१७
खुदी हाइड्रोपावर लि.	२७.६९	-०.७७%	२०४.१४	३२.९७	२४३.०३
हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.	२६.६२	१०७.५७%	१०२.४५	१८०.८३	६९५.८५
बिपिसि सर्भिसेज लि.	१.१७	८१.१९%	१५.०६	११.७४	१५०.५७
हाइड्रो ल्याव प्रा.लि.	९.५२	२००.७३%	९३.३५	१०२.१९	१००१.८७
गुराँस इनर्जि लि.	-५.१३	-२८.१%	८००.२८	०	९६.४०

नोटः न्यादी हाइड्रोपावर लि. र कावेली इनर्जि लि.ले निर्माण गरिरहेका आयोजनाहरू निर्माणको चरणमा रहेको हुँदा ति कम्पनीहरूको वित्तिय संपादनको मुख्य मुख्य बुँदाहरू यहाँ प्रस्तुत गरिएको छैन । नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.को खुद मुनाफा सो कम्पनीको व्यवस्थापनले उपलब्ध गराएको लेखापरीक्षण हुन बाँकी वित्तिय विवरणहरूको आधारमा उल्लेख गरिएको छ ।

हिमाल पावर लि., खुदी हाइड्रोपावर लि., हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि., बिपिसि सर्भिसेज लि., न्यादी हाइड्रोपावर लि. तथा हाइड्रो ल्याव प्रा.लि.को समग्र कार्यसम्पादन सन्तोषजनक रह्यो । तर, नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.को कार्यसम्पादन अन्य शेयरधनीहरूका तर्फवाट मनोनित बहुमत संचालकहरूको हस्तक्षेपका कारण सन्तोषजनक हुन सकेन । शेयर स्वामित्वको अनुपातमा बहुमत संचालकहरू मनोनित गर्न पाउने आफ्नो हक स्थापित गर्नका लागि तुलसीपुर उच्च अदातलको बुटवल इजलाशमा नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. तथा यसका संचालकहरूका विरूद्द निवेदन दायर गरिएको छ । त्यसैगरी कावेली ए जलविद्युत आयोजनाको निर्माण प्रगतिमा सुस्तता आएको कारण कावेली इनर्जि लि. तथा गुराँस इनर्जि लि.का कार्यसम्पादन अपेक्षा गरे अनुसार हुन सकेन ।

यस कम्पनीले निम्न सहायक तथा सम्बद्ध कम्पनीहरूवाट निम्न वमोजिम प्रतिफल प्राप्त गरेकोछः

कम्पनीको नाम	**लाभांश रकम रू. (आ.व. २०७३।०७४ को नाफावाट)**
हिमाल पावर लि.	४९,२४,८७,४७४
हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.	२९,४४,६२५
खुदी हाइड्रोपावर लि. (अग्राधिकार शेयर)	१,६८,३५,१०४
कुल	**५१,२२,६७,२०३**

आयोजनाहरु

न्यादी जलबिद्युत आयोजना (३० मे.वा.) :

यो आयोजना लमजुङ जिल्लाको मर्स्याङदी गाउँपालिकामा पर्दछ । यस आयोजनाको समग्र प्रगति ५०% भन्दा बढी रहेको छ । हेडरेस सुरूङ खन्ने कार्य नोभेम्वर २०१८ मा सम्पन्न गरिएको छ । हेडरेस सुरूङको कुल लम्वाई ३८४० मीटर रहेको छ । डाईभर्सन सुरूङ, फ्लसिङ सुरूङ, सर्जसाफ्टमा खन्ने कार्य, पेनस्टक पाईप राख्ने ठाउँको जमिन खन्ने कार्य, स्याडल सपोर्ट कन्क्रिट सम्बन्धी कार्य, टेलरेस बक्स कल्भर्ट बनाउने, पहुँच मार्ग खोल्ने, विद्युत गृहको जग खन्ने कार्य तथा स्थायी आवास गृह निर्माणको कार्य सम्पन्न भएका छन् । ठेकेदारले पेनस्टक पाईप बनाउने कार्य प्रारम्भ गरेको छ । १३२ के.भी. प्रशारण लाईन निर्माणको ठेक्का दिइएको छ र ठेकेदारले टावर डिजाईनको कार्य सम्पन्न गरेको छ । नेपाल विद्युत प्राधिकरणले २२० के.भी. को उदिपुर-खुदी-मनाङ प्रशारण लाईन तथा खुदी स्थित टारीकुनामा सवस्टेशन निर्माणको लागि बोलपत्र आह्वान गरेको छ । न्यादी जलविद्युत आयोजनावाट उत्पादित विद्युत सोही टारीकुना सवस्टेशनमा नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराइने छ । २०७५ सालको आषाढ समान्त सम्ममा कुल पूँजीगत निर्माण कार्य प्रगति रू. १ अरव ३१ करोड ८० लाख रहेको छ । यस आयोजनाको विद्युत उत्पादन शुरू गर्नु पर्ने मिति अप्रिल १८, २०२० रहेको छ र यस आयोजनाले बार्षिक १६८.५५ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ । चालु वर्षको अन्त्यसम्ममा सार्वजनिक शेयर निष्काशनको प्रक्रिया प्रारम्भ हुनेछ ।

कावेली ए जलविद्युत आयोजना (३७.६ मे.वा.):

यो आयोजना ताप्लेजुङ र पाँचथर जिल्लाहरूमा पर्दछ । यस आयोजनाको समग्र प्रगति करीव २२% रहेको छ । सिभिल तथा हाइड्रो मेकानिकल कार्यको ठेकेदारले आफ्नो आवास गृह तथा निर्माणको क्रममा आवश्यक पर्ने विद्युत आपूर्ति जस्ता आधारभूत सुविधाहरूको निर्माण पुरा गरेको छ । ठेकेदारले बाराज, सर्जसाफ्ट तथा विद्युत गृह निर्माणस्थलमा पुग्नको लागि पहुँच मार्ग निर्माणको बाँकी कार्य पुरा गरेको छ । त्यसैगरी, ठेकेदारले स्थायी आवासगृह रहने स्थानको गराहरू स्थिरीकरण गर्ने कार्य गरिरहेको छ । ठेकेदारले हेडवर्क्समा क्रसिङ प्लान्ट तथा व्याचिङ प्लान्ट जडान गरेको छ । आयोजनाको मुख्य संरचनाहरू तर्फ ३८० मीटर पहुँच सुरूङ तथा जम्मा ५६० मीटर हेडरेस सुरूङ (४६० मीटर इनलेट तर्फवाट र १०० मीटर आउटलेट तर्फवाट) खनिएको छ । त्यसैगरी, इलेक्ट्रोमेकालिकल कार्यको ठेकेदारलाई

कार्य प्रारम्भ गर्न सूचित गरिएको छ र सो ठेकेदारले इलेक्ट्रोमेकानिकल कार्यको डिजाईन तथा ड्रइङ्गको कार्य गरिरहेको छ । यस आयोजनाले आयोजना प्रभावित क्षेत्रमा ग्रामिण विद्युतीकरणको लागि रू. १ करोड १७ लाख ९० हजार प्रत्यक्ष आर्थिक सहयोग उपलब्ध गराएको छ । विद्युतीकरणको कार्य प्रगति उन्मुख छ र करीव ६५० घरहरूमा विद्युतीकरण भएको छ । बाँकी घरहरूमा विद्युतीकरण गर्ने कार्य चलिरहेको छ । २०७५ सालको आषाढ समान्त सम्ममा कुल पूँजीगत निर्माण कार्य प्रगति रू. १ अरव ६४ करोड २० लाख रहेको छ । यस आयोजनाको प्रगति अपेक्षा गरे अनुरूप हुन सकेको छैन । ठेक्का सम्झौताको व्यवस्था अनुरूप सिभिल कार्यको प्रगतिका लागि ठेकेदारलाई निरन्तर फलोअप गर्दै आइएको छ ।

तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१४० मे.वा.):

यो आयोजना मनाङ जिल्लाको दक्षिणी भेगमा पर्दछ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयवाट यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । यस आयोजनावाट उत्पादन हुने विद्युत आपूर्ति गर्ने प्रयोजनका लागि जिआईएस अध्ययन कार्य सम्पन्न भएको छ । जडान सम्झौता (कनेक्सन एग्रिमेन्ट) गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यस आयोजनावाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिनेछ । नेपाल विद्युत प्राधिकरणले २२० के.भी.को प्रशारण लाईन निर्माणको बोलपत्र सूचना जारी गरेको छ । सोही प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणले यस आयोजनावाट आपूर्ति हुने विद्युत लिनेछ । चिनिया साझेदारहरू: Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संगको संयुक्त लगानीमा आयोजना कम्पनी स्थापना गरी यस आयोजनाको विकास गरिने छ । यस आयोजनलाई मनाङ मर्स्याङदी जलविद्युत आयोजनासंगै सुदृढीकरण गरी क्यासकेड आयोजनाकोरूपमा विकास गरिनेछ ।

मनाङ मर्स्याङदी जलविद्युत आयोजना (२८२ मे.वा.):

यो आयोजना मनाङ जिल्लामा पर्दछ । यस आयोजना मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.ले विकास गर्न गईरहेको छ । सो कम्पनीको संपूर्ण शेयरहरू खरिद गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयवाट यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । यस आयोजनालाई चिनिया साझेदारहरूको संयुक्त साझेदारीमा निर्माण गरिने छ । यस आयोजना सुदृढीकरणको प्रारम्भिक कार्यहरू चलिरहेको छ ।

माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (६०० मे.वा.):

यो आयोजना तथा यसको प्रशारण लाईन मनाङ र लमजुङ जिल्लामा पर्दछ । यस आयोजना हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.ले विकास गर्न गइरहेको छ । सो कम्पनीको सम्पूर्ण शेयरहरू खरिद गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । सो शेयरहरू यस कम्पनी तथा चिनिया साझेदारहरूले खरिद गर्न गईरहेका छन् । यस आयोजनावाट उत्पादित विद्युत देश भित्रैको उर्जा वजारमा आपूर्ति गर्नका लागि यस आयोजनालाई सुदृढीकरण गरिनेछ ।

चिनोखोला साना जलविद्युत आयोजना (८.५ मे.वा.):

यो आयोजना मनाङ जिल्लामा पर्दछ । यस आयोजनाको संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । वातावरणीय प्रभाव मुल्यांकनको कार्य तथा विस्तृत डिजाईनको कार्य भईरहेको छ । यस आयोजनावाट उत्पादित विद्युत मर्स्याङदी क्यासकेड आयोजनाहरू (तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना, मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना) लाई निर्माण अवधीका लागि र त्यसपछि नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने छ । यस आयोजना विकासको ढाँचा तयारीको चरणमा रहेको छ र छिट्टै टुङ्गो लागाइने छ ।

मुगु कर्णाली जलविद्युत आयोजना (१६० मे.वा.):

यो आयोजना मुगु जिल्लामा पर्दछ । नोभेम्वर २३, २०१७ मा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयवाट

यस आयोजनाको विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त भएको छ । फेब्रुअरी २३, २०१८ मा यस आयोजनाको संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकन गर्नकालागि हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.लाई जिम्मा दिइएको छ । हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.ले यस आयोजनाको संभाव्यता अध्ययन प्रारम्भ गरेको छ ।

नयाँ पहलहरु

यस कम्पनीले कर्णाली वेसिनमा केही आयोजनाहरूको पहिचान गरेको छ । चिनिया साझेदारहरूसंग मिलेर आयोजना विकास गर्ने गरी केही आयोजनाहरू प्राप्तीको प्रारम्भिक कार्यहरू प्रारम्भ भएको छ ।

संस्थागत सुशासन

बीपीसी असल संस्थागत सुशासनका लागि प्रतिवद्ध छ । हामी आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न प्रयत्नरत् छौं । हामीले प्रत्येक वर्ष संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी भई संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछौं । संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायको नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गैरूपमा प्रकाशित गरिएकोछ ।

संचालक समिति

संचालक समितिमा केही हेरफेर भएको छ । नेपाल सरकारले संचालक श्री चिरन्जिवी चटौतको स्थानमा मिति २०७५।५।१८ देखी लागु हुने गरी श्री संदिप कुमार देवलाई संचालक मनोनयन गरेको छ । श्री चिरन्जिवी चटौतले मिति २०७३।१०।२३ देखी मिति २०७५।५।१८ सम्म नेपाल सरकारको प्रतिनिधित्व गर्नु भयो । मिति २०७५।२।१५ मा संचालक समितिले सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने रिक्त संचालकको पदमा २६औं बार्षिक साधारण सभा सम्मका लागि शेयरधनी श्री चण्डी प्रसाद श्रेष्ठलाई नियुक्त गऱ्यो । संचालक समितिको संरचनामा पुनरावलोकन गर्नका लागि २५औं बार्षिक साधारण सभाले स्वीकृत गरेको कम्पनीको नियमावलीमा संशोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५।२।३० मा अभिलेख गरिएको थियो । २६औं बार्षिक साधारण सभावाट सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई संचालकहरू तथा दुई जना स्वतन्त्र संचालकहरू नियुक्त हुनेछन् ।

संचालक समिति अर्न्तगतका समितिहरु

कम्पनी ऐन, २०६३ अनुसार गठित लेखापरीक्षण समिति लगायत संचालक समिति अर्न्तगतका समितिहरूले आफ्नो कर्तव्य तथा जिम्मेवारीहरू प्रभावकारी रूपमा संपादन गरेका छन् ।

लेखापरीक्षण समितिले कम्पनीको आन्तरिक नियन्त्रण तथा वित्तिय सुशासनको लागि महत्वपूर्ण योगदान गरेको छ ।

वित्त तथा बजेट समितिले कम्पनीको बजेटको परीक्षण एवं नियन्त्रण गरी तथा कम्पनीको वित्तिय व्यवस्थापनमा रणनीतिक मार्गदर्शन गरी संचालक समितिलाई मद्दत गरेको छ ।

संचालन तथा मर्मत संभार समितिले कम्पनीको उत्पादन तथा वितरण व्यवसायको संचालन, मर्मत संभार तथा संचालन कार्य कुशलताका लागि व्यवस्थापनलाई मार्गदर्शन गर्ने कार्य गऱ्यो ।

कम्पनीको शेयर संरचना, संचालक समितिको बनौट, संचालक समिति अर्न्तगतका समितिहरू तथा त्यसका सदस्यहरूका विषयमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

संचालक समितिले हालै नेपाल धितोपत्र बोर्डवाट जारी संस्थागत सुशासन निर्देशिका अनुरूप लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति एवं सम्पत्ति तथा दायित्व समितिको कार्यविवरणहरू स्वीकृत गरेको छ । सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालकहरूको निर्वाचन तथा स्वतन्त्र संचालकहरूको नियुक्ति सम्पन्न भएपछि सो समितिहरूले पूर्णता प्राप्त गर्नेछन् ।

कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचनामा उल्लेख्य परिवर्तन भएको छ । नयाँ निष्काशन पश्चात् अन्य समूहका संस्थागत शेयरधनीहरूको शेयर स्वामित्वको प्रतिशत घटेको छ । हाल कम्पनीमा सर्वसाधारण शेयरधनीहरूको हिस्सा करीव ३२% रहेको छ । आ.व. २०७४।०७५ को अन्त्यमा शेयरधनीहरूको संख्या ८७,०१२ रहेको थियो ।

व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनको नेतृत्व प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले गर्नु भएको छ । निजसंग नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनमा काम गरेको लामो व्यवस्थापकीय अनुभव रहेको छ र विगत ४ वर्ष भन्दा बढी समय देखी सफलतपूर्वक यस कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ ।

नेपाल धितोपत्र बोर्डले जारी गरेको संस्थागत सुशासन निर्देशिका, २०७४ को कार्यान्वयनः

नेपाल धितोपत्र बोर्डले जारी गरेको संस्थागत सुशासन निर्देशिका, २०७४ श्रावण १, २०७५ देखी लागु भएको थियो । कम्पनीले सो निर्देशिकाको कार्यान्वयन प्रारम्भ गरेको छ । कम्पनीले आवधिक प्रतिवेदनहरू पेश गर्दै आएको छ । सो निर्देशिकाले परिकल्पना गरेका विभिन्न समितिहरूको गठन प्रक्रिया प्रारम्भ भएको छ ।

मानव संशाधन

आर्थिक वर्ष २०७४।०७५ को अन्त सम्ममा कर्मचारीहरूको संख्या जम्मा २२४ थियो । कम्पनीको मानव संशाधनको आधारलाई सुदृढ गर्ने कार्यलाई नियमित प्रक्रियाकोरूपमा लिइएको छ ।

आ.व.को अन्त्यमा	कुल कर्मचारीहरू	स्थायी	करार
२०७४।०७५	२२४	२०३	२१
२०७३।०७४	२२९	२१२	१७

कर्मचारीहरूको क्षमता अभिवृद्धि एवं पेशागत विकास तथा कम्पनीको भविश्यको आवश्यकतालाई सम्बोधन गर्नको निमित्त तालिमहरू, वर्कशपहरू र सेमिनारहरू सहित विभिन्न कार्यक्रमहरू गरिएको थियो । श्रम ऐन, २०७४ ले निर्धारण गरेको नयाँ व्यवस्थाहरू गर्नका लागि कर्मचारी नियमावलीमा संशोधन गरिएको छ । सो ऐन अनुरूप श्रम सम्बन्ध समिति गठन गरिएको छ । श्रमिक यूनियनसंग सुमधुर सम्बन्ध कायम गरिएको छ ।

स्वास्थ्य, सुरक्षा तथा वातावरण

आई.एस.ओ. ९००१:२०१५ (गुणस्तर), आई.एस.ओ. १४००१:२०१५ (वातावरण) तथा आई.एस.ओ. १८००१:२००७ पेसागत स्वास्थ्य तथा सुरक्षा (ओसास) व्यवस्थापन प्रणालीहरूद्धारा कम्पनी पूनः प्रमाणित भएको छ । ओसास व्यवस्थापन प्रणालीले पेसागत स्वास्थ्य तथा सुरक्षाका विषयमा कम्पनी भित्र चेतना अभिबृद्धि गर्न तथा व्यवस्थापन गर्न मद्दत पुऱ्याएको छ । ती प्रणालीहरूलाई कम्पनीको समग्र व्यवसाय संचालन, प्रणाली तथा कार्यविधिहरूमा एकिकृत तथा कार्यान्वयन गरिएको छ । सबै कर्मचारीको औषधोपचार तथा दुर्घटना वीमा गराइएको छ । व्यवस्थापन प्रणालीहरूको निरन्तर सुधारका लागि सो को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । सुरक्षितरूपमा काम गर्ने वातावरण सुनिश्चित् गरिएको छ र सुरक्षा उपकरणहरू दुरूस्त राखिएको छ ।

कम्पनीको औद्योगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा परोपकारी गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट उनीहरू संगको सम्बन्धलाई अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद् तथा नेपाल टनेलिङ्ग एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।

यस कम्पनीले अन्तर्राष्ट्रिय वित्त संस्था, विश्व बैक, नर्वेको विदेश मामिला मन्त्रालय, सिङ्गापुर स्थित इन्फ्राको एसिया जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग समेत जलविद्युत आयोजनाहरू विकासको लागि विभिन्न तहमा साझेदारी गरेको छ । त्यसैगरी कम्पनीले तीन चिनिया प्रख्यात कम्पनीहरू: Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. र Qing Yuan Engineering Consulting Co. Ltd. संग साझेदारी निर्माण गरेको छ । चीनको जलविद्युत क्षेत्रको विकासमा यी कम्पनीहरूले आफ्नो सफलता दर्ज गराएका छन् ।

संस्थागत जोखिम व्यवस्थापन

कम्पनी भित्र जोखिमको पहिचान, मुल्यांकन, योजना निर्माण तथा निरूपणका माध्यमवाट संस्थागत जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ । यस कम्पनीले नियमितरूपमा जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिमकोरूपमा मापन तालिकाका माध्यमवाट जोखिमको विश्लेषण गर्दै जोखिम व्यवस्थापनका उपयुक्त रणनीति अवलम्वन गर्दछ । जोखिमलाई सापेक्षितरूपमा न्यून स्तरमा कायम गर्नका लागि जोखिमको प्रकार तथा कम्पनीको जोखिम बहन गर्न सक्ने क्षमताका आधारमा जोखिमहरू आउने नदिने, हस्तान्तरण गर्ने, न्यूनिकरण गर्ने तथा स्वीकार गर्ने गरिन्छ । कम्पनी भित्र विभिन्न व्यवसायिक इकाईहरूले गरेका काम कारवाहीसंग सम्बन्धित जोखिमहरूको अनुगमन जोखिम व्यवस्थापन समितिले गर्दै आएको छ । मानव संशाधन लगायत कम्पनीका सबै सम्पत्तिहरूको भरपर्दो बीमा कम्पनीमा बीमा गरिएको छ ।

आन्तरिक नियन्त्रण

व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनको निमित्त आवधिकरूपमा आई.एस.ओ. अर्न्तगत आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गर्दै आएकोछ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू प्रभावकारीरूपमा कार्यान्वयन गरिएको छ । श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७४।०७५ मा कम्पनीको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरेको छ ।

वाह्य लेखापरीक्षण

श्री बि.आर.एस. न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्ले यस कम्पनीको आ.व. २०७४।०७५ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ ।

शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ । त्रैमासिक प्रतिवेदन, संक्षिप्त प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू प्रकाशित गरी संचारका सबै माध्यमहरूको प्रयोग गरिएको छ र ति प्रकाशनहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले निरन्तर सुधारको लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरूको स्वागत गर्दछ ।

शेयर रजिष्ट्रार तथा शेयर कारोवार:

कम्पनीको शेयर रजिष्ट्रारमा एन.एम.बी. क्यापिटल लि. रहेको छ । यस वर्ष कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन । कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरूको सारसंक्षेप निम्न अनुसार रहेको छः

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या	कारोवार शेयर	कारोवार रकम
७८३	४२०	४५७	२३१	१५,०५९	१६,५९,६९२	१५९.९करोड

सम्बद्ध पक्षसंगको कारोवारहरु

यस कम्पनीले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग उत्तम औधोगिक प्रचलनहरू अनुसार व्यवसायिक हिसावले कारोवारहरू गर्दछ । कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७४।०७५ को वित्तिय विवरणहरूको नोटमा खुलाइएको छ ।

पुरस्कार तथा प्रशंसापत्र

जुलाई १७, २०१८ मा यस कम्पनीलाई नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट वार्षिक प्रतिवेदनको उत्कृष्ट प्रस्तुतीकरणका लागि उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड, २०१७ को रनर अप अवार्ड प्राप्त भएको छ । कम्पनीले हालै Frost & Sullivan – 2017 Nepal Market Leadership Award in Hydropower प्राप्त गरेको छ ।

व्यवसाय तथा लगानीको वातावरण:

नेपाल भित्र लगानी तथा व्यवसायिक वातावरण सुधारोन्मुख छ । नेपाल सरकारले नेपालको नयाँ संविधान अर्न्तगत विभिन्न क्षेत्रहरूमा लगानी प्रवर्द्धन गर्नका लागि विभिन्न नीति, कानून, कार्यविधिगत व्यवस्थाहरू ल्याउने प्रक्रियामा रहेको छ । जलविद्युत नेपाल सरकारको प्राथमिकता प्राप्त क्षेत्रहरू मध्ये एक हो । नेपाल विद्युत प्राधिकरणले देश भित्रको उर्जाको आवश्यकता पूर्तिका लागि भारतवाट विद्युत आयात गर्दै आएको छ । बंगलादेश तथा भारतमा विद्युत निर्यात गर्ने प्रशस्त संभावना रहेको छ । बंगलादेशले नेपालको जलविद्युतमा लगानी गरी विद्युत आयत गर्ने तिब्र इच्छा देखाएको छ । सो सम्बन्धमा प्रारम्भिक समझदारीहरू भएका छन् । विद्युत उत्पादनको लागि उपयुक्त मानिएका नेपालका निरन्तर बग्ने ठुला नदीहरू जलविद्युत क्षेत्रमा लगानीका लागि प्रचुर संभावनाहरू हुन् । नेपालमा संघीय, प्रादेशिक तथा स्थानीय सरकार रहेको सन्दर्भमा जलश्रोतको स्वामित्व सम्बन्धी स्पष्टता, फाईदाहरूको बाँडफाँड, सहजिकरण तथा कानूनी विषयवस्तुहरूका विषयमा उचित सम्बोधन हुने अपेक्षा गरिएको छ । स्थानीय सरोकारवालाहरूका अपेक्षाहरूले चालु आयोजनाहरूलाई प्रभावित गरिरहेको छ । जलविद्युत आयोजनाहरूरूको चालु निर्माण कार्यमा कम भन्दा कम अवरोधहरू आउन भन्नका लागि सरोकारवालाहरूको सहभागितालाई जोड दिइएको छ ।

नेपाल सरकारले आ.व. २०७५।०७६ को बजेट मार्फत पाँच वर्षमा ५००० मे.वा. र दश वर्षमा १५,००० मे.वा. विद्युत उत्पादन गर्ने योजना बनाएको छ । नेपाल विद्युत प्राधिकरणले यस अघिनै रिजर्भवेयर तथा पिकिङ रन अफ दी रिभर आयोजनाहरूवाट उत्पादित विद्युतको खरिद दर तोकिदिएकोछ । नेपाल विद्युत प्राधिकरणले विदेशी लगानी भएको १०० मे.वा. भन्दा ठुला आयोजनाहरूका लागि अमेरिकी डलरमा विद्युत खरिद बिक्री सम्फौता गर्ने नीति अवलम्वन गरेको छ । नेपाल सरकारले सन् २०२२।०२३ भित्र संचालनमा आउने जलविद्युत आयोजनाका लागि शुरूका १० वर्ष सम्म पुरै र त्यसपछिको ५ वर्ष ५०% आयकर छुट दिई देश भित्र आवश्यक विद्युतको माग परिपूर्ति गर्नका लागि थप लगानी आकर्षित गर्नका लागि प्रयत्न गरेकोछ । यद्यपी जलविद्युत क्षेत्रमा निजी लगानीको प्रवर्द्धनका लागि नेपाल सरकार र यस मातहतको नेपाल विद्युत प्राधिकरणले संबोधन गर्नु पर्ने केही क्षेत्रहरू रहेका छन् । विदेशी विनिमय सम्बन्धी जोखिमको व्यवस्थापन, नीतिगत् स्थायित्व, प्रक्रियाको सरलीकरण, जवाफदेहिता, पारदर्शिता तथा समयमै सेवा प्रवाह हुनु पर्ने सुधारका क्षेत्रहरू रहेका छन् ।

लाभांश

कम्पनीले स्थिर लाभांश नीति अख्तियार गरेको छ । लाभांश नीति तथा जलविद्युत आयोजनाहरू

विकास गर्ने कम्पनीको भविश्यका योजनाहरू समेतलाई बिचार गरी संचालक समितिले आफ्ना शेयरधनीहरूलाई आ.व. २०७४।०७५ को मूनाफा तथा संचित मूनाफावाट चुक्ता पूँजीको १८ (अठार) प्रतिशत नगद लाभांश तथा १० (दश) प्रतिशत बोनस शेयर वितरण गर्नका लागि २६ औं बार्षिक साधारण सभामा प्रस्ताव गरेको छ ।

आगामी वर्षः

कम्पनीको आ.व. २०७५।०७६ को मध्य तिर आईपुगेको छ । विगत पाँच महिनाहरूमा गरिएका केही कार्यहरू यस प्रतिवेदनमा समावेश गरिसकिएको छ । चालु आ.व.को बाँकी अवधी मूलत आयोजनाहरूको सुदृढीकरण गर्न तथा अनुमति एवं सहमतिहरू प्राप्त गर्न र आयोजना विकास सम्झौता गर्नलागि महत्वपूर्ण हुनेछ । संचालनमा रहेका आयोजनाहरू बर्षैभर सन्तोषजनकरूपमै संचालनमा रहने देखिएको छ । संचालक समितिले आ.व. २०७५।०७६ मा निम्न आयोजना सम्बन्धी कार्यहरू सम्पन्न गर्ने अपेक्षा राखेको छः

- मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनालाई क्यासकेड आयोजनाहरूको रूपमा सुदृढीकरण गर्ने ।
- मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको आयोजना विकास सम्झौताका लागि वार्ता गर्ने ।
- मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गर्ने ।
- चिनो खोला जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मुल्यांकनको कार्य पुरा गर्ने तथा आयोजना विकास कम्पनी गठन गर्ने ।
- मुगु कर्णाली जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको कार्य सम्पन्न गर्ने ।

कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७४।०७५ मा प्रत्यक्ष वा परोक्ष रूपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं निरन्तर योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट

पद्म ज्योति
अध्यक्ष
मितिः २०७५/०९/२७

संक्षिप्त आर्थिक प्रतिवेदन

आ.व. २०७४/७५ (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)

शेयरधनीज्यूहरु,

१. यस बुटवल पावर कम्पनी लिमिटेडले आफैले संचालन गर्दै गरेका दुई बिद्युत गृहहरू तथा वितरण व्यवसायका अतिरिक्त जलविद्युत आयोजनाहरू एवं जलविद्युत क्षेत्रसंग सम्बन्धित अन्य कम्पनीहरूमा लगानी गरेको र केही जलविद्युत आयोजनाहरू अध्ययन तथा निर्माणको चरणमा रहेको व्यहोरा यहाँहरूलाई अवगतनै छ । प्रस्तुत संक्षिप्त प्रतिवेदनले कम्पनीको आ.व. २०७४।०७५ को कार्यसम्पादन तथा समग्र वित्तिय अवस्थाका वारेमा समेटेको छ । साथै, आयोजनाहरूको प्रगतिका विषयलाई समेत प्रतिवेदनमा उल्लेख गरिएको छ । समग्रमा कम्पनीको कार्यसम्पादन तथा आयोजनाहरूको प्रगति सन्तोषजनक रहेको छ ।

२. यस कम्पनीले आ.व. २०७४।७५ मा खुद् मुनाफा ५.१३% ले बृद्धि गर्न सफल भएको छ । गत वर्ष खुद् मुनाफा रू. ६६ करोड ८० लाख रहेकोमा यस वर्ष रू. ७० करोड २३ लाख भएको छ । कम्पनीले नयाँ शेयर निष्काशन गरे पश्चात् खुद सम्पत्ति समेत ४८.२% ले वढेर रू. ६ अरव ५१ करोड पुगेको छ । यद्यपी, शेयर पूँजीमा आएको बृद्धिका कारण प्रति शेयर आम्दानीमा केही कमी हुन आएको छ । गत वर्ष प्रति शेयर आम्दानी रू. ३७.०२ रहेकोमा यस वर्ष रू. ३६.३३ रहेको छ । कम्पनीको एकल तथा समुहगत वित्तिय अवस्थाको सारसंक्षेप तल उल्लेख गरिएको छ ।

३. कम्पनीको सहायक तथा सम्बद्ध कम्पनीहरूमा हिमाल पावर लि., खुदी हाइड्रोपावर लि., हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि., विपिसि सर्भिसेज लि., न्यादी हाइड्रोपावर लि . र हाइड्रो ल्याव प्रा.लि.को समग्र कार्य संपादन सन्तोषजनक रह्यो । तर, नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.मा अन्य शेयरधनीहरूले नियुक्त गरेका संचालकहरूका कारणले सो कम्पनीको कार्य संपादन सन्तोषजनक रहन सकेन । त्यसै गरी कावेली ए जलविद्युत आयोजनाको निर्माणमा आएको सुस्तताका कारण कावेली इनर्जि लि.का कार्यसम्पादन समेत अपेक्षाकृत भएन ।

वित्तिय परिणामहरुको सारसंक्षेप

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. हजारमा)

	कम्पनीको एकल वित्तिय अवस्था		कम्पनीको समुहगत वित्तिय अवस्था	
विवरण	आ.व. २०७४।७५	आ.व. २०७३।७४	२०७४।७५	२०७३।७४
बस्तु तथा सेवा बिक्री बाट आम्दानी	६६६,३६७	६६२,८७२	१,८०८,५७२	१,४५२,९६८
विक्री लागत	३७४,११४	३८०,२१९	१,३११,९९८	१,०१६,३१९
कूल मुनाफा	२९२,२५२	२८२,६५३	४९६,५७४	४३६,६४८
अन्य आय (लाभांश समेत)	५५६,८९७	५८९,७९२	५६४,०४९	६७६,४८८
प्रशासनिक तथा अन्य खर्च	१२६,१५०	१२१,५०१	२३१,९७८	२०६,००९
संचालन नाफा (वित्तीय खर्च तथा कर अधिको)	७२३,०००	७५०,९४४	८२८,६४४	९०७,१२७
खुद वित्तीय आम्दानी	२७,२०४	(६४,८९१)	७,०७३	(८३,०२४)
कर पछिको खूद मुनाफा	७०२,२६३	६६८,०२२	७४५,३६४	७९०,८८०
अन्य कम्पनीहरूमा लगानी	२,८६६,९३४	२,४४७,४१९	२,१३२,५२३	१,७७९,५०९
प्रतिशेयर आम्दानी रू.	३६.३३	३७.०२	३७.४१	४१.०१
नेटवर्थ	६,५१०,१९७	४,३९२,४५९	७,००९,७३९	४,८५६,५८७

कम्पनीले सहायक तथा सम्वद्ध कम्पनीहरुमा निम्न अनुसार लगानी गरेको छः

कम्पनीको नाम	शेयर संख्या	लगानी प्रतिशत	लगानी ने.रू. लागतका आधारमा	लगानी ने.रू. फेयर भ्यालुका आधारमा
हिमाल पावर लि.	२,९७८,५०२	१६.८८	४३४,९३१,४६१	१,१३७,७७२,५७८
नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि	७१५,८००	५१.३०	७१,५८०,०००	
खुदी हाइड्रोपावर लि.	५०४,०००	६०.००	५०,४००,०००	
खुदी हाइड्रोपावर लि. (अग्राधिकार शेयर)	५७६,०००		५७,६००,०००	
न्यादी हाइड्रोपावर लि.	५,३९५,७१०	९७.२२	५३९,५७१,०००	
कावेली इनर्जि लि.	२,९६६,८६०	२७.४०	२९६,६८६,०००	
हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.	११७,७८५	८०.००	११,७७८,५००	
विपिसि सर्भिसेज लि.	१००,०००	१००.००	१०,०००,०००	
हाइड्रो ल्याव प्रा.लि.	१०,०००	१०.७३	१,०००,०००	१४,४०६,६४८

४. यस वर्ष आँधीखोला बिद्युत गृहवाट ६५.१२ गिगावाट आवर तथा झिमरूक बिद्युत गृहवाट ६८.६९ गिगावाट आवर बिद्युत उत्पादन भयो । आँधीखोला बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ३५.९५ गिगावाट आवर तथा झिमरूक बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ६२.७८ गिगावाट आवर नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिएको थियो । कम्पनीले आफ्ना वितरण प्रणालीमा उपलब्ध विद्युत मध्ये ३०.६४ गिगावाट आवर बिद्युत आफ्ना ग्राहकहरूलाई बिक्री गऱ्यो । यो बिक्री गत बर्षको बिद्युत बिक्री भन्दा ०.०४% ले न्यून हो । आ.व. २०७४।७५ को अन्तसम्ममा कम्पनीको वितरण व्यवसाय अर्न्तगत उपभोक्ताहरूको संख्या गत वर्षको तुलनामा ५% ले बृद्धि भई ५४,०२१ पुगेको छ ।

५. कम्पनीले आफैं वा सहायक तथा सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती देहाय वमोजिम रहेको छः

(क) न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को समग्र निर्माण प्रगति ५०% रहेको छ । आयोजनाको निर्माण कार्य निर्माण समय तालिका अनुसार नै अघि बढेको छ । यस आयोजनाको हेडरेस सुरूङ खन्ने कार्य सम्पन्न भइसकेको छ । यस आयोजनाको प्रशारण लाईन निर्माणको समेत ठेक्कापट्टा भई निर्माण तयारी शुरू भएको छ । यस आयोजनाको उत्पादन शुरू गर्नु पर्ने मिति अप्रिल २०, २०२० रहेको छ । यस आयोजनाले वार्षिकरूपमा १६८.५५ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ । चालु वर्षको अन्त्य तिर शेयरको सार्वजनिक निष्काशन गर्ने प्रक्रिया प्रारम्भ गर्ने योजना रहेको छ । यस आयोजनाको पूँजीगत कार्य प्रगति रू. १ अरव ३२ करोड रहेको छ ।

(ख) कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण प्रगति करीव २२% रहेको छ । यो प्रगति अपेक्षा गरिए भन्दा न्यून हो । यस आयोजनाको ३८० मी पहुँच सुरूङ र ५६० मी हेडरेस सुरूङ खन्ने कार्य भएको छ । यस आयोजनाले स्थानीय प्रभावितहरूलाई विद्युतीकरणको लागि सहयोग गरी विद्युतीकरणको कार्य भईरहेको छ । यस आयोजनाको पूँजीगत कार्य प्रगति रू. १ अरव ६४ करोड रहेको छ ।

(ग) तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१४० मेगावाट) को विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । विद्युत खरिद बिक्री सम्भौताको प्रक्रिया प्रारम्भ भई कनेक्सन एग्रिमेण्ट गर्ने चरणमा पुगेको छ । यस आयोजनावाट उत्पादित विद्युत नेपाल

विद्युत प्राधिकरणलाई बिक्री गरिने छ । यस आयोजनाको विकास चिनिया साझेदार कम्पनीहरू Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संगको संयुक्त लगानीमा गरिनेछ ।

(घ) मनाङ मर्स्याङदी जलविद्युत आयोजना (२८२ मेगावाट) विकास गर्ने मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.को संपूर्ण शेयरहरू खरिदको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यस आयोजनालाई चिनिया साझेदारहरूसंगको संयुक्त लगानीमा निर्माण गरिने छ । यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । यस आयोजनालाई तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनासंगै सुधार गरी क्यासकेड आयोजनाको अवधारणामा निर्माण गरिनेछ । सो सुधारका लागि प्रारम्भिक कार्यहरू शुरू गरिएको छ ।

(ङ) चिनोखोला जलविद्युत आयोजना (८.५ मेगावाट) संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । बातावरणीय प्रभाव मुल्यांकनको कार्य तथा विस्तृत डिजाईनको कार्य भईरहेको छ । यस आयोजनावाट उत्पादित विद्युत मर्स्याङदी क्यासकेड आयोजनाहरूलाई आयोजना निर्माणको अवधीमा उपयोग गरी पछि नेपाल विद्युत प्राधिकरणमा बिक्री गरिने योजना रहेको छ । यस आयोजना विकासको ढाँचा तयार गर्ने कार्य शुरू भएको छ ।

(च) अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (६०० मेगावाट) विकास गर्ने हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.को शेयरहरू चिनिया साझेदारहरूसंग मिलेर खरिद गर्ने प्रकृया अन्तिम चरणमा पुगेको छ । सो कम्पनीमा यस कम्पनीको करीव २०% शेयर स्वामित्व हुनेछ । यस आयोजनावाट देश भित्रै उर्जा वजारमा विद्युत आपूर्ति गर्ने गरी आयोजनालाई आवश्यक सुधार गरी निर्माण गरिने छ ।

(छ) मुगु कर्णाली जलविद्युत आयोजना (१५९ मेगावाट) को सर्वेक्षण अनुमतिपत्र प्राप्त भई संभाव्यता अध्ययनको कार्य प्रारम्भ भएको छ ।

६. कम्पनीको संचालक समितिले लेखापरिक्षण समिति, अर्थ तथा बजेट समिति र संचालन तथा संभार समितिको गठन गरि कम्पनीको सुशासनमा महत्वपुर्ण योगदान दिंदै आएको छ । यस कम्पनीले नेपाल धितोपत्र बोर्डले जारी गरेको संस्थागत सुशासन निर्देशिका २०७४ को पालना प्रारम्भ गरेको छ । परिपालना अधिकृतको नियुक्ति गरिएको छ । कम्पनीले गुणस्तर, वातावरण तथा कार्यगत स्वास्थ र सुरक्षाको लागि ISO 9001:2015; ISO 14001:2015 तथा ISO 18001:2007 को प्रमाणपत्र प्राप्त गरेको छ ।

७. कम्पनीको कर्मचारी संख्या २२४ रहेको छ । कम्पनीले औद्योगिक तथा व्यापारिक सम्बन्ध विस्तार गर्नुका साथै संस्थागत जोखिम व्यवस्थापन समिति गठन गरेको छ । कम्पनीको आन्तरिक लेखापरीक्षकमा पि.एल.श्रेष्ठ एण्ड कं., चार्टड एकाउण्टेण्टस् लाई नियुक्त गरिएको छ ।

८. कम्पनीको संचालक समितिले आ.व. २०७४/७५ को खुद मूनाफा, रिजर्भ एवं संचित मूनाफावाट चुक्ता पूँजीको १८% नगद लाभांश तथा १०% वोनस शेयर वितरण गर्ने प्रस्ताव गरेको छ ।

९. चालु आ.व.मा निर्माणाधिन आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिने तथा नयाँ आयोजनाहरूलाई निर्माणमा लैजानका लागि आवश्यक तयारी कार्यहरू गरिनेछ ।

१०. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित विवरणहरू तथा प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालयबाट लिन सकिने व्यवस्था गरिएको छ ।

उत्तर कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

सि.ए. ज्ञानेन्द्र बहादुर भारी
साझेदार
बि. आर. एस. न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

२०७५ आषाढ ३२ गतेको

वित्तिय अवस्थाको विवरण

विवरण	आ.व. २०७४/७५ रू.	आ.व. २०७३/७४ रू.
सम्पत्ति		
गैर चालू सम्पत्ति		
जायजेथा, प्लाण्ट तथा उपकरण	३५८,४८३,८२९	३६०,१५३,५६८
पूँजीगत कार्य प्रगति	२,३८१,७५६	३,१४०,०८२
अदृष्य सम्पत्ति	१,९५४,३१६,६९७	१,९६१,६९४,३७४
आयोजना कार्य प्रगति	२०६,५६२,७०४	१७५,३२०,७९२
वित्तीय सम्पत्ति		
सहायक तथा सम्बद्ध कम्पनीमा लगानी	१,७१४,११५,५५१	१,३०७,०८७,५२७
अन्य लगानी	१,१५२,८१८,७२६	१,१४०,३३१,४३८
अन्य गैर चालू सम्पत्ति	२,४०७,३७७	६,१९५,१७५
जम्मा गैर चालू सम्पत्ति	**५,३९१,०८६,६४०**	**४,९५३,९२२,९५६**
चालु सम्पत्ति		
मौज्दात	४४,९८५,८३६	६०,१११,२९३
वित्तीय सम्पत्ति		
व्यापारिक आसामी लिनुपर्ने	८८,२६६,३४६	८३,४०५,८६९
नगद तथा नगद समान	५७५,६८३,६४८	३१,७५७,८०९
अन्य बैंक मौज्दात	३७,५१८,२९९	३४,५१८,१३२
अन्य वित्तीय सम्पत्ति	१,४६९,५४३,५७९	१२०,४०५,९३९
अन्य चालू सम्पत्ति	१०,५५७,५७०	१०,९०६,१७१
चालू कर सम्पत्ति (खूद)	६७,९४९,६५२	७४,३०४,७७९
जम्मा चालु सम्पत्ति	**२,२९४,५०४,९३०**	**४१५,४०९,९९२**
जम्मा सम्पत्ति	**७,६८५,५९१,५७०**	**५,३६९,३३२,९४८**
कोष तथा दायित्व		
कोष		
इक्वीटी शेयर पूंजी	२,२१८,६७२,०००	१,८१०,५७२,०००
अन्य इक्वीटी	४,२९१,५२४,८८९	२,५८१,८८७,१७२
जम्मा कोष	**६,५१०,१९६,८८९**	**४,३९२,४५९,१७२**
दायित्व		
गैर चालू दायित्व		
ग्राण्ट अनुदान जगेडा	२०८,५७४,६८१	२०२,३४३,६६६
वित्तीय दायित्व		
ऋृण सापटी	३२८,२७०,५०४	३६८,४८२,६६६
व्यवस्थाहरू	१०,०३४,०९५	१५,१२६,२६४
स्थगन कर	२९१,४३३,१०७	८३,७४७,७३६
अन्य गैर चालू दायित्व	२२,४६४,५४०	२३,८०५,८२३
जम्मा गैर चालू दायित्व	**८६०,७७६,९२७**	**६९३,५०६,१५५**
चालू दायित्व		
वित्तीय दायित्व		
ऋृण सापटी	१६१,१५४,७४२	९८,५४६,४४८
व्यापारिक साहू तिर्नुपर्ने	२८,०२६,६०८	७२,४३०,४५९
अन्य वित्तीय दायित्व	२९,८१२,३१९	३६,७४१,१४०
व्यवस्थाहरू	७७६,७४०	१,६६५,७६८
अन्य चालू दायित्व	९४,८४७,३४५	७३,९८३,८०६
जम्मा चालू दायित्व	**३१४,६१७,७५४**	**२८३,३६७,६२१**
जम्मा दायित्व	**१,१७५,३९४,६८१**	**९७६,८७३,७७६**
जम्मा कोष तथा दायित्व	**७,६८५,५९१,५७०**	**५,३६९,३३२,९४८**

२०७५ आषाढ ३२ गते समाप्तवर्षको
नाफा नोक्सानको विवरण

विवरण	आ.व. २०७४।०७५ रू.	आ.व. २०७३।०७४ रू.
बिक्री	६६६,३६६,९४०	६६२,८७१,६६६
बिक्रि लागत		
उत्पादन खर्च	(२६३,२५९,२४२)	(२८२,९४८,४९८)
वितरण खर्च	(११०,८५५,२४९)	(९७,२७०,०८८)
कूल मुनाफा	**२९२,२५२,४४९**	**२८२,६५३,०८०**
अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी	७,१८३,४०८	६,९३०,१६९
अन्य आय	५५१,९५८,४५२	५८१,७८९,०३०
प्रशासनिक तथा अन्य संचालन खर्चहरू	(१२६,१४९,९२६)	(१२१,५०१,१५७)
लगानीमा नोक्सान व्यवस्था	२,२४४,२५२	१,०७३,१०२
संचालनवाट मुनाफा	**७२३,०००,१३१**	**७५०,९४४,२२४**
वित्तीय आय	९२,५९७,३९९	८,९६४,२९०
वित्तीय लागत	(६५,३९३,१९४)	(७३,८५५,११६)
कर अघिको मुनाफा	**७५०,२०४,३३६**	**६८६,०५३,३९८**
आयकर खर्च		
चालु वर्षको आयकर	(१९,३१७,६७८)	०
स्थगन कर आम्दानी /(खर्च)	(२८,६२३,४३०)	(१८,०३१,४९४)
चालु वर्षको मुनाफा	**७०२,२६३,२२८**	**६६८,०२१,९०४**
अन्य विस्तृत आय (other comprehensive income)		
रोजगार निश्चित सुविधा योजनाको पुनर्मुल्यांकन लाभ	०	५,७७६,९९०
इक्वीटी औजारवाट देखिएको अन्य विस्तृत आय	१२,४८७,२८८	(६३,५८१,४३३)
नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर	(१७९,०६१,९४१)	(१४,९३१,२४२)
जम्मा अन्य विस्तृत खूद आय	**(१६६,५७४,६५३)**	**(७२,७३५,६८५)**
जम्मा विस्तृत खूद आय (कर पछिको)	**५३५,६८८,५७५**	**५९५,२८६,२१९**
प्रति शेयर आम्दानी - आधारभूत (Basic)	३६.३३	३७.०२
प्रति शेयर आम्दानी - परिवर्तित (Diluted)	३६.३३	३७.०२

नोट:

CORPORATE OFFICE
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4781776, 4784026
Fax: 977-1-4780994
E-mail: info@bpc.com.np

JHIMRUK HYDROELECTRIC CENTER
Darimchaur, Pyuthan
Tel: 994860105
Fax: 994860104

ANDHIKHOLA HYDROELECTRIC CENTER
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

LIASON OFFICE
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058